# लिखु तामाकोशी गाउँपालिका
# आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

## लिखु तामाकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

धोबी बजार, रामेछाप

बागमती प्रदेश, नेपाल

# लिखु तामाकोशी गाउँपालिकाको १५ औं गाँउ सभामा प्रस्तुत आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

## गाउँपालिका उपाध्यक्षज्यू,

प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, निवर्तमान जनप्रतिधिज्यूहरू, सञ्चारकर्मी मित्रहरू, सुरक्षाकर्मी साथीहरू, राष्ट्रसेवक कर्मचारी साथिहरू, उपस्थित बुद्धिजीवि, सबैमा अभिवादन व्यक्त गर्दछु ।

सर्वप्रथम नेपाली जनताले विभिन्न समयमा गरेका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष मार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको स्थापनार्थ गरेको त्याग र बलिदानहरूलाई स्मरण गर्दै सो क्रममा आफ्नो जीवन आहुति दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरूप्रति सम्मान र हार्दिक श्रद्धाजली अर्पण गर्दछु ।

लिखु तामाकोशी गाउँपालिकाका सचेत मतदाताले दिएको अभिमत अनुरुप सहमति, सहकार्य र सहभागिताको भावनालाई आत्मसाथ गर्दै आर्थिक सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, आर्थिक अनुशासन र सुशासन प्रवर्द्धनका कार्यक्रमहरूलाई उच्च प्राथमिकतामा राख्दै कृषि, पर्यटन तथा रोजगारीको माध्यमबाट सुन्दर र समुन्नत लिखु तामाकोशी गाउँपालिकाको पहिचान स्थापित गर्दै जनतालाई सुशासनको प्रत्याभूति दिलाउन जनताको घरघरमा सिंहदरबार पुऱ्याउने उद्देश्यले लोकतन्त्र सार्थकता पाउने मान्यतामा उभिएर यो गाउँपालिका अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा स्थापित गर्ने छौँ भन्ने कुरामा यहाँहरूलाई विश्वास दिलाउन चाहन्छु ।

नेपालको संविधान, सङ्घ एवम् प्रदेश सरकारका आवधिक योजनाले परिलक्षित गरेका विषयहरू, दिगो विकासको लक्ष्य राजनैतिक दलहरूको चुनावी घोषणापत्र सङ्घीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम राजनैतिक दल र अन्य सरोकारवालाहरूबाट प्राप्त सुझावहरू समेतको आधारमा यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

नेपालको संविधान ऐन, कानुन, मन्त्रालयहरूबाट प्राप्त परिपत्र, दिग्दर्शन र विभिन्न विषयगत समितिको बजेट सिलिङको आधारमा सहभागितामूलक तवरले आयोजना र कार्यक्रम छनौट गरी नीति कार्यक्रम र बजेट तर्जुमा गरेका छौँ । साथै आर्थिक वर्ष २०८२/०८३ मा संविधानले प्रदान गरेको क्षेत्राधिकारभित्र रही स्थानीय स्तरमा बाँकी रहेका महत्वपूर्ण ऐन, नियम, कार्यविधि तथा निर्देशिका तयार गरी सोही बमोजिम कार्य अगाडि बढाउनु पर्ने पनि आवश्यकता रहेको छ । यसैमा आधारित रहेर गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यो गरिमामय गाउँसभाबाट

पारित गराई कार्यन्वयन गर्न गाउँसभाका सबै सदस्यहरूको सक्रिय र सहयोगी भुमिका रहने कुरामा म आशावादी छु ।

**आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा गाउँपालिकाले निम्न आधारहरू लिएको छ ।**

नेपालको संविधान (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू)
स्थानीय सरकार सञ्चालन ऐन, २०७४
सोहौँ योजनाको दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य, नीति तथा रणनीतिहरू
नेपाल सरकार तथा प्रदेश सरकारको आ.व. २०८१/०८२ को बजेट नीति तथा कार्यक्रम
लिखु तामाकोशी गाउँपालिकाको बजेट तर्जुमा दिगदर्शन, २०७८
गाउँपालिकाका ऐन, नियम, कार्यविधि र निर्देशिकाहरू
दिगो विकासका लक्ष्य २०१६-२०३०
राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
गाउँपालिकाको पार्श्व चित्र (Village Profile)
लिखु तामाकोशी गाउँपालकाका सबै विषयगत समिति, शाखा, सबै वडा कार्यालयहरू
सरोकारवाला, निकायहरूबाट प्राप्त सुझाबहरू तथा निर्णयहरू
गाउँ कार्यगाउँपालिका तथा गाउँसभाका विगतका निर्णयहरू

**सभाका सदस्यज्यूहरू,**

अब म गाउँपालिकाले तय गरेका विषयगत र क्षेत्रगत प्रमुख नीतिहरू प्रस्तुत गर्न चाहन्छु ।

क) **राजस्व परिचालन**

विगतका वर्षहरूमा राजस्व र आन्तारिक आयको अवस्था नतिजामूलक नदेखिएको हुनाले चालु आर्थिक वर्षमा आन्तारिक राजस्व सङ्कलन र राजस्वको दर र दायरा विस्तार गर्ने नीति अगाडि बढाइनेछ ।
आर्थिक वर्ष २०८२/०८३ मा राजस्व र आन्तरिक आय वृद्धिका लागि राजस्व परामर्श समितिको सिफारिस समेतलाई दृष्टिगत गरी निम्नानुसारको नीति अबलम्बन गर्ने प्रस्ताव अघि सारेको छु :-

१. राजस्व संकलनलाई संस्थागत गर्न थप अध्ययन र परामर्श गरी राजस्व सुधारका कार्यक्रमहरू समावेश गरिने छ ।
२. हालसम्म गाउँपालिकाको करको दायरामा नआएको ढुङ्खा, गिट्टी, वालुवा, स्लेट, ढुङ्गा, खरी लगायत खनिज जन्य वस्तुको निकासी लाई करको दायरामा ल्याइनेछ ।

३. गाउँपालिकाको लगानीमा निर्माण भएका पूर्वाधार तथा सडकहरूमा सेवा शुल्क लगाई आय सङ्कलन गरिनेछ।
४. गाउँपालिका भित्र व्यवसाय सञ्चालन गरीरहेका तर गाउँपालिकामा दर्ता/नवीकरण नगरेका व्यवसायीलाई दर्ता/नविकरण गर्न ताकेता गरिनेछ । गाउँपालिका केन्द्रभन्दा बाहिर रहेका बजार क्षेत्रमा सञ्चालित व्यवसायलाई करको दायरामा ल्याई दर्ता/नवीकरण शिविर सञ्चालन गरिनेछ। जस्तैः ढाडे बजार, सिरिसे बजार, खिम्ती बजार इत्यादि।
५. संघ- प्रदेश सरकारको लगानीमा गाउँपालिकाभित्र निर्माण हुने भौतिक पूर्वाधार विकासका कार्यहरूमा प्रयोग हुने स्थानीय स्रोत-साधनहरू र गाउँपालिका अनुदानअन्तर्गतका भौतिक पूर्वाधारका कार्यहरूमा प्रयोग हुने स्थानीय स्रोत साधनहरूको प्रयोग गरे बाफत् करको दायरा निर्धारण गरी राजस्व सङ्कलन गरिने छ। साथै यस कार्यबाट उपभोक्ता समितिहरूलाई पर्ने मर्कालाई ध्यानमा राखी लागत सहभागीताको प्रतिशतलाई कम गरिने छ।

## ख)आर्थिक विकास

### कृषि विकास

१. गाउँपालिकाको अद्यावधिक कृषि रणनीतिले लिएका रणनीति तथा कार्यक्रमलाई प्राथमिकतामा राखी समग्र गाउँपालिकाको कृषि विकासका कार्यक्रमहरू तय गरिने छन्
२. एक वडा एक उत्पादन कार्यक्रममार्फत कृषकहरूलाई आत्मानिर्भर र व्यवसायिक बनाउने कार्यक्रमहरू प्राथमिकताका साथ छनौट गर्नुका साथै उत्पादनमा आधारित अनुदानका कार्यक्रमहरू यसै आ.व.देखि कार्यान्वयन गरिने छन।
३. बाँझो रहेका कृषियोग्य जमिनमा खेती लगाउन चाहने किसानहरूलाई गाउँपालिकाले जग्गा धनिसंग सहकार्य गरी बाँझो खेत, उक्त किसानलाई कृषि खेती गर्नका लागि उपलब्ध गराइने छ ।बाँझो जग्गा उपलब्ध गराउने कार्यमा गाउँपालिकाबाट मापदण्ड बनाई ५० प्रतिशत साझेदारी गरिने छ।
४. यस गाउँपालिकाभित्र स्थापना भएका उद्योग वा अन्यत्र स्थापना भई यस गाउँपालिकामा कार्यक्षेत्र बनाई कार्य गरिरहेका उद्यमको प्रवर्द्धन गरी रोजगार सिर्जना गर्ने र उत्पादनलाई बजारीकरण गर्ने प्रक्रिया अघि बढाउने र विभिन्न व्यवसाय गरिरहेका व्यवासायीलाई प्रोत्साहन समेत गरिनेछ।
५. कृषि पेशालाई व्यावसायिक र यान्त्रीकरण गर्दै आधुनिक कृषि प्रणालीको विकास मार्फत एक वडा एक उत्पादन कार्यक्रमलाई अभियानका रुपमा पकेट, ब्लक, हुँदै जोनका रुपमा विकास गरी बजारीकरणको व्यवस्था मिलाइनेछ।
६. खाद्यान्न, फलफुल एवम् तरकारी बालीमा लाग्ने रोग कीराबाट हुने क्षति न्यूनीकरण गर्न जैविक तथा विषादिको प्रयोगमा किसानहरूलाई थप ज्ञान र सीप प्रदान गर्दै लगिनेछ।

७. टिमुर, आँप, कटहर, किवी, सुन्तला, कागती, कफी, जुनार, अमला, अम्रिसो, एभोकाडो उत्पादनलाई प्रोत्साहन गरिनेछ।
८. खेतबारीको माटो सुधारका लागि घुम्ती-माटो परीक्षण शिविर कार्यक्रम सञ्चालन गरिनेछ। साथै माटोको अवस्था अनुरुपको प्राङ्गारिक पदार्थ, कृषि चुन तथा भकारो सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
९. सुख्खाग्रस्त भू-भागलाई सिंचाइ प्राणालीसँग जोड्दै, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि थोपा सिंचाई र लिफ्टिङ सिचाइलाई प्राथामिकता दिइनेछ।
१०. मौरीपालन व्यवससायलाई प्रवर्द्धन गर्ने नीति अनुरुप गत आर्थिक वर्षहरूमा कार्यान्वयन गरिएको मौरी प्रवर्द्धन कार्यक्रम थप विस्तार गरिनेछ।

## पशु सेवा र विकास

१. ग्रामिण पशु कार्यकर्ता परिचालन गरी पशुपन्छी विकासको क्षेत्रमा पशुपन्छी महामारी लगायतका अन्य पशु विकासका कार्यक्रम तय गरिने छन्।
२. नश्ल सुधारका लागि उन्नत जातको गाई, भैंसी, राँगो, सुँगुर लगायतका पशुपालनमा जोड दिइनेछ।
३. वैदेशिक रोजगारीबाट फर्किएका युवाका लागि युवा लक्षित कार्यक्रम सञ्चालन गरी पशुपालन व्यवसासयमा आकर्षित गरिनेछ।
४. कृत्रिम गर्भाधानको माध्यमबाट दुध, मासु, उत्पादनमा बृद्धि गरिनेछ।गाउँपालिकालाई दुध, अण्डा र मासुमा आत्मनिर्भर बनाउन प्राथमिकताका साथ आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
५. जुनोटिक रोग तथा परजिवी नियन्त्रण शिविर, घरपालुवा तथा छाडा कुकुरहरू नियन्त्रणका लागि बन्ध्याकरण र रेबिज खोप शिविर तथा पशु रोग र महामारी सम्वन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
६. गाई, भैंसी, बाख्रा, कुखरा, बङ्गुर लगायतका पशुपालन एवं पशु आहाराको पकेट क्षेत्र स्थापना गर्न अन्य निकायसँग समेत सहकार्य गरिनेछ।
७. व्यक्तिगत फार्म, समूह, सहकारी मार्फत पशुपन्छी पालन, गोठ÷खोर र भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

## उद्योग तथा वाणिज्य

८. व्यवसाय सुरु गरेका र गर्न चाहने उद्यमी व्यक्ति, फर्म वा समूहले आयमूलक र रोजगारीमूलक काम वा व्यवसाय सुरू गरेका व्यवसायीहरूलाई प्रोत्साहन गरिने छ।
९. लिखु तामाकोशी गाउँपालिकाको आर्थिक विकासलाई योगदान पुर्‍याउने उद्देश्यले गाउँपालिकाभित्र सञ्चालित लघु उद्यम व्यवसायलाई प्रोत्साहन गरिनेछ।
१०. पशुपन्छी आहार उत्पान गर्ने स्थानीय स्तरको उद्योग स्थापना गर्ने कार्यक्रम समावेश गरिने छ।
११. खानी र खनिज पदार्थको अधिकतम उपयोग गरी रोजगारी सिर्जना र राजस्व अभिवृद्धिमा जोड दिइनेछ।

## पर्यटन विकास र प्रवर्द्धन

१. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरू पहिचान गरी ती क्षेत्रहरू लाई आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक केन्द्र बनाउन आवश्यक नीति तथा कार्यक्रम तय गरिने छ।

## सहकारी तथा वित्तीय क्षेत्र

१. सहकारीको मूल्य र सिद्धान्तलाई अनुसरण गराउन सबै सहकारीलाई अभिप्रेरित गरी सहकारी तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
२. कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण एवं कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संस्थाको संलग्नता र सहभागितालाई प्राथमिकता दिइनेछ।
३. सहकारी संस्थाहरूको आन्तरिक नियन्त्रण पद्धति र लेखा परीक्षणलाई थप व्यवस्थित गरी नियमन कार्यलाई थप प्रभावकारी बनाइनेछ।
४. यस अघि दर्ता भएका तर गाउँपालिकामा अद्यावधिक हुन नआएका सहकारीहरूको वास्तविक अवस्था पहिचान गरी समायोजन एवं अद्यावधिक हुन प्रोत्साहित गरिनेछ। रुग्ण सहकारीलाई खारेजीको प्रकृयामा लगिनेछ।

## श्रम तथा रोजगारी प्रवर्द्धन

१. "श्रमको सम्मान राष्ट्रको अभियान" मूल नाराका साथ स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरिनेछ।
२. श्रम सम्बन्धलाई प्राथमिकता दिँदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तीय क्षेत्रबाट रोजगारी सिर्जना गरिनेछ। यसलाई कार्यान्वयन गर्न गाउँपालिकाबाट पनि बजेट व्यवस्था गरिनेछ।
३. वडाबाट सञ्चालन हुने योजनामा प्रधानमन्त्री रोजगार कार्यक्रमसँग समन्वय गरी कार्यान्वयन गर्दै लगिनेछ।
४. यस गाउँपालिकाबाट सिर्जना गरिने रोजगारीका अवसहरू प्रधानमन्त्री रोजगार कार्यक्रम, उपभोक्ता समिति लगायत अन्य कार्यक्रमलाई बढीभन्दा बढी रोजगारमुखी बनाउने र टोल विकास समिति अनिवार्य गठन गरी विकास निर्माणमा स्थानीयलाई अनिवार्य सहभागी गराई रोजगारीका अवसरहरू सिर्जना गर्ने तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको सीप र क्षमताको सम्मान गर्दै स्वदेशमै व्यवसाय गर्न उत्प्रेरित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

## ग) सामाजिक विकास

### शिक्षा, युवा तथा खेलकुद विकास

१. गाउँशिक्षा योजनाले समेटेका कार्यक्रम तथा रणनीतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याई समग्र शैक्षिक क्षेत्रको व्यवस्थापन गरिने छ।

२. जेहेन्दार विपन्न विद्यार्थीहरूको प्राविधिक शिक्षा तथा उच्च शिक्षामा पहुँच पुऱ्याउन गाउँपालिकाको शैक्षिक छात्रवृत्ति कार्यक्रम र घरबाट १ घन्टा भन्दा टाढा विद्यालय भएका विद्यार्थीको सिकाई सुधार लक्षित आवासीय विद्यालय कार्यक्रमलाई निरन्तरता दिई थप परिणाममुखी बनाईने छ।

३. विद्यालयको शैक्षिक व्यवस्थापनमा टेवा पुर्याउन गरेक विद्यालयमा ई हाजिरी जडान गरिने छ।

४. पूर्व प्राथमिक कक्षा भर्ना भएका विद्यार्थीहरूको सुरक्षित भविष्य बनाउने उद्देश्यले यसै वर्ष देखि पूर्व  प्राथमिक कक्षा भर्ना भएका विद्यार्थीहरूको बैंक खाता खोली मासिक रू २०० का दरले माध्यामिक शिक्षासम्म रकम जम्मा गराउने साथै अभिभावकको तर्फबाट पनि मासिक रू २०० नै जम्मा गर्न लगाई सुरक्षित भविष्यका लागि बचत गराई उच्च शिक्षा अध्ययनमा टेवा पुर्याईने छ।

५. स्थानीय स्तरमा बाल प्रतिभा पहिचान तथा प्रस्फुटन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. हरेक माद्यमिक विद्यालयको खेलकुद विकासका लागि प्रति विद्यालय वार्षिक रू ५०,०००/- (अक्षरुपी पचास हजार) बजेट विनियोजित गरिएको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. शैक्षिक गुणस्तर अभिवृद्धिमा प्रविधिमैत्री र शैक्षिक सामग्री सहितको शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई उत्कृष्ट सिकाइ उपलब्धि हासिल गर्ने गराउने शिक्षक, विद्यार्थी र विद्यालयहरूलाई प्रोत्साहन एवम् पुरस्कृत गरिनेछ।

८. शिक्षक तालिमका माध्यमबाट आधारभूत तथा माध्यामिक तहका शिक्षकहरूको कार्य सम्पादनमा निखारता ल्याई उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गराईने छ।

९. स्थानीय विषयवस्तु अनुसारको शिक्षा प्रदान गर्न आधारभूत तह (कक्षा १-८) स्थानीय भाषा पाठ्यक्रम निर्माण गरिने छ।

१०. विद्यालय अतिरिक्त क्रियाकलापमा सक्रिय गराउन गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ।

११. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी सामुदायिक विद्यालय सिकाइलाई थप प्रभावकारी बनाइनेछ।

१२. विद्यालयसंग सम्बन्धित खेलकुद प्रतियोगिताहरू सञ्चालन एवं व्यवस्थापन गरिने छ।

१३. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

१४. गाउँपालिकाको खेल क्षेत्र विकासका लागि अन्तरक्रिया, सम्मान, पुरस्कार लगायत, अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
१५. विभिन्न सिपमूलक तालिम मार्फत युवाहरू माझ रोजगारी सृजना गरिने छ ।
१६. युवा उद्यमीहरूलाई सम्मान एवम् पुरस्कृत गरी हौसल्ला प्रदान गरिने छ ।

## जनस्वास्थ्य सेवा

१. गाउँपालिकाभित्र सञ्चालित स्वास्थ्य संस्थाहरूको सुदृढीकरण गरी अत्यावश्यक सूचीका औषधि सहितको गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने वातावरण सुनिश्चित गरिनेछ ।
२. अध्यक्षसँग जेष्ठ नागरिक कार्यक्रम प्रत्येक चार महिनामा सञ्चालन गरी घरघरमा गएर जेष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गरिनेछ ।
३. सुत्केरी र नवजात शिशुहरूलाई सुरक्षित स्वास्थ्य सुनिश्चित गर्न उपाध्यक्ष घरभेट कोशेली कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
४. लामो समय सेवा गरेका महिला स्वास्थ्य स्वयं सेविकालाई ससम्मानजनक विदाइ गरिनेछ ।
५. गाउँपालिका भरिका सबै वडाहरूमा स्वास्थ्य बीमा कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्न प्रत्येक वडाअन्तर्गत ४० वटा विपन्न घर पतिवारलाई बिमा शुल्कमा लाग्ने रकमको ५० प्रतिशत गाउँपालिकाले व्यहोर्ने गरी कार्यक्रम समावेश गरिने छ ।
६. बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारी र सहायक कर्मचारीलाई नाइट भत्ता व्यवस्थापन गरी प्रोत्साहन गरिनेछ । साथै हरेक स्वास्थ्य संस्थाको रिपोर्टिङ्ग कार्यलाई थप प्रभावकारी बनाइनेछ।
७. प्रत्येक वडामा गर्भवती आमाहरूलाई भिडियो एक्सरे सेवा सञ्चालन गरिनेछ ।
८. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याईने छ ।

## लैङ्गिक समानता र समावेशीकरण (महिला बालबालिका तथा जेष्ठ नागरिक र लक्षित वर्ग)

१. बालमैत्री स्थानीय शासनको कार्यक्रमलाई अवलम्बन गरी बालमैत्री स्थानीय तह घोषणा सम्मका कार्यक्रमलाई कार्यान्वयन गरिने छन् ।
२. वालश्रम, बाल विवाह, दाइजो, वोक्सी, जातीय विभेद जस्ता कु-प्रथा नियन्त्रणका लागि जनचेतना तथा कानुनी सचेतना जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
३. लक्षित वर्ग (दलित/ जनजाति/ अपाङ्ग/ महिला/ वालवालिका) लाई राज्यको मूल प्रवाहमा ल्याउन आयमूलक, सीपमूलक एवम् चेतनामूलक कार्यक्रमहरू लागत साझेदारीमा सञ्चालन गरिनेछ ।
४. बालबालिकाहरूको क्षमता विकास गर्नलाई वाल क्लब स्थापना तथा सञ्चालन गर्न कार्यविधि तर्जुमा गरी लागू गरिनेछ ।
५. एकल महिला, दलित, अपाङ्ग तथा जेष्ठ नागरिक लगायतको वर्गलाई समेटी विभिन्न सीपमूलक तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## खानेपानी तथा सरसफाइ व्यवस्थापन

१. समग्र गाउँपालिकाको खानेपानी तथा सरसफाई योजना निर्माण गरी खानेपानी तथा सरसफाई क्षेत्रलाई व्यवस्थित गर्दै आम नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराइने छ।
२. खानेपानीको समस्यालाई समाधान गर्न एक घर एक धारा कार्यक्रमलाई प्राथमिकताक्रमका आधारमा निरन्तरता दिइनेछ।
३. जलवायु परिवर्तन सँगै सुक्दै गएका स्थानीय स्तरमा उपलब्ध खानेपानीका स्रोत, मूल तथा मुहानलाई संरक्षण गर्न विशेष कार्यक्रमहरू ल्याइनेछ।
४. हरेक वडामा रहेका खानेपानी आयोजनाहरूलाई मर्मत संभार र खानेपानी सुरक्षा योजना लागू गरी हरेक नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराइने छ , साथै खानेपानिको गुणस्तर परीक्षण गर्ने व्यवस्था समेत मिलाईने छ।
५. हरेक खानेपानी मुहान दर्ता उ.स.लाई सशक्तीकरण तथा मर्मत संभार कर्तामार्फत खानेपानी व्यवस्थित गरिने नीति ल्याइने छ।
६. परम्परागत पानी पोखरी, ढुङ्गे धारा र मूलको सरक्षण गर्न कार्यक्रमहरू सञ्चालन गरी भौगोलिक र प्राकृतिक स्वरुपको समेत जगेर्ना गरिनेछ। खानेपानी पाईपहरू जमिनमुनि गाडेर मात्र प्रयोग गर्ने कार्यलाई परिपालना गर्न सम्बन्धित वडाका वडा अध्यक्षहरूलाई जिम्मेवार बनाईनेछ।
७. मुख्य वजारक्षेत्रहरूमा ढल निकासको उचित व्यवस्थापन गर्न अन्य निकायको समेत साझेदारी र समन्वयमा कार्यक्रमहरू सञ्चालन गरिनेछ। फोहोर सङ्कलनको परम्परागत शैलीलाई परिमार्जन गरी कागजजन्य, प्लाष्टिकजन्य, कुहिने र नकुहिने फोहरलाई छुट्याएर पुनः प्रयोग गरिने कार्यको सुरुवात गरिनेछ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण

१. सामाजिक सुरक्षा भत्ता नँया दर्ता र पुरानो लाभग्राहीहरूको लागि राष्ट्रिय परिचय पत्र अनिवार्य रहेको हुँदा हालसम्म पनि राष्ट्रिय परिचयपत्र नबनाएकाको हकमा यस गाउँपालिकाबाट जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी वडा कार्यालयलाई लक्षित गरी शिविर सञ्चालन गरिनेछ।
२. कोही नछुटून् कोही नदोहोरिऊन् भन्ने उद्देश्यका साथ टोलटोल गाउँगाउँमा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गरिनेछ।
३. प्रत्येक वडामा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा अनलाइन कार्य प्रभावकारी बनाउनका लागि डेस्कटप कम्प्युटर, प्रिन्टर, स्क्यानर लगायतका सामग्री उपलब्ध गराइनेछ साथै राष्ट्रिय परिचय पत्र वितरणका लागि जिल्ला प्रशासन कार्यालय रामेछापसँग समन्वय गरी शिविर सञ्चालन गरिनेछ।

## जातजाति, भाषाभाषी र संस्कृति प्रवर्द्धन

१. अल्पङ्ख्यक, सीमान्तकृत, सुविधाबाट बञ्चित समुदायको भाषा, कला, संस्कृति संरक्षण तथा सम्वर्द्धनका लागि उचित बजेटको व्यवस्था गरिनेछ।

२. राधाकृष्ण मन्दिर पार्क, धोबीगुम्बा निर्माणका लागि थप बजेट व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गरिने छ।

## घ) पूर्वाधार विकास

१. यातायात गुरु योजना (Rural Municipality Transportation Master Plan-RMTMP) ले निर्दिष्ट गरेका १. हलेदे-तिल्पुङ-नागदह-धोबी कोटगाउँ-सिरिसे-ढाडे सडक २. खिम्ती- शिवालय-गैरी-धोबी सडक ३. दिलौरी-सैपु वडा कार्यालय-दुरागाउँ वडा कार्यालय-सदगाउँ-खापिङ-होपिना-कोलडाँडा सडक ४. दारिमबोट-गिदानचौर-ऐरमबास-काङ्वा-चिलाउने-केसिङ्सा-अँधेरीखोला-भीरगाउँ-कल्लेरी-पोकुबैँसी सडक ५. दिलोरी-जगमाने-बाँसे-कालोचौतारा सडक ६. धोबी-दिलौरी-सहिद स्मृति-ढाडे सकडक ७. धोबी-काङ्वा-कुकुरकाटे भन्ज्याङ ८. धोबी-चिलाउने-खोल्मागाउँ सडक ९. पाखाबारी-कामीगाउँ सडक १०. दिलौरी-सहिद स्मृति-गैरीधारा-खाल्टे सडक ११. धोबी-दिलौरी-जगमाने-साउनेपानी-खापिङ-दुरागाउँ-कर्कले-पिङ्गति-सतिघाट-लिखु सडक १२. सिरिसे-सिसन्दु-पोकुबैँसी सडक १३. पोकु दोभान-रातमाटा-मुखिया टोल-लर्खु खोला सडक १४. जारकाटे-काङ्वा डाँडा सडकहरूलाई प्राथमिकतामा राखी निरन्तर स्तरोन्नति गर्दै कालोपत्रे गर्दै लगिनेछ। साथै सहायक सडकहरूलाई समेत बाह्रै महिना यातायात सञ्चालनमा ल्याउने प्रयास सदैव रहनेछ

२. गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई प्राथमिकता साथ अघि बढाइनेछ साथै जनस्वास्थ्य क्षेत्रलाई मध्यनजर गरी स्वास्थ्य चौकी भवन काङ्बामा त्यस्तै वडा नं. ४ रात्माटा, र वडा नं. २ सैपु फेदीमा सामुदायिक स्वास्थ्य ईकाई स्थापना गरी स्वास्थ्य सेवा प्रदान गरिने छ।

३. सार्वजनिक जग्गा तथा सडक क्षेत्राधिकार अतिक्रमण गर्ने प्रवृति र सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ।

४. बाँकी रहेको मुल सडक र सहायक सडकहरूको वातावरणीय अध्ययनप्रतिवेदन र विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यलाई आवश्यकता अनुसार निरन्तरता दिइनेछ।

५. खोला नालाहरूमा कल्भर्ड तथा मिनि ब्रिज निर्माण गर्ने कार्यलाई प्राथमिकतामा साथ अघि बढाई निरन्तरता दिइनेछ।

६. कच्ची नाली निर्माण गर्ने रिटेनिङ वाल जस्ता संरचना तयार गर्ने, पक्की नाला निर्माण गर्ने, ग्रावेल गर्ने खोला नाला र आवश्यक स्थानमा ढलान समेत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७. सङ्घ र प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका गौरवका तथा ठुला पूर्वाधारका आयोजनाहरूको निर्माण कार्य अघि बढाइएको कार्यलाई निरन्तरता दिइनेछ।

## ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन

१. सम्भावित विपदको पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभको लागि आवश्यक औजार तथा राहत सामग्रीको तत्काल व्यवस्थापन गर्न विपद व्यवस्थापन कोषलाई वलियो बनाउदै लगिनेछ।
२. विपद जोखिम क्षेत्रको पहिचान र तदनुसारका आधारमा विपद् प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयन गर्दै लगिनुका साथै विपदको कारण अवरुद्ध हुने मुख्य सडक तथा वडा केन्द्र जोड्ने सडकहरूलाई तत्काल सुचारु गरिनेछ।
३. वातावरणीय संरक्षण एवं सिंचाईको ब्यवस्थापनका लागि आहाल÷पोखरीहरू र प्लाष्टिक पोखरीहरूको निर्माण खानेपानीका मुहानहरूको संरक्षण तथा मर्मत सम्भार गरिदै लगिनेछ
४. गाउँपालिका स्तरमा सामुदायिक वन पहिचान गरी वृक्षारोपण लगायत वन तथा वातावरण संरक्षणका कार्यक्रमहरू तर्जुमा गरिनेछ।
५. वन व्यवस्थापन सम्बन्धमा वन समिति तथा समुहलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।
६. जडिबुटि तथा अन्य वन पदौवारहरूको निकासीलाई प्रोत्साहन गरी आन्तरिक आम्दानीलाई मजवुत बनाइनेछ।
७. डढेलोको कारणले हुने क्षति र जैविक विविधतालाई सन्तुलन कायम गर्न सामुदायिक वन र अन्य वनमा सुख्खा पोखरी निर्माण गरिनेछ।
८. वन जङ्गलको महत्वको बारेमा वनका पदाधिकारी र समुदाय स्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

## च) सुशासन तथा संस्थागत क्षमता विकास

१. समग्र गाउँपालिकाको संस्थागत विकासका लागि पालिकाको ५ वर्षे अद्यावधिक योजना निर्माण, मध्यकालीन खर्च संरचना, आयोजना बैंक निर्माण योजना, खानेपानी तता सरसफाई योजना क्षमता विकास योजना, आन्तरिक नियन्त्रण प्रणाली निर्माण लगायत योजनाहरू तर्जुमा र प्रभावकारी कार्यान्वयन गरी बेरुजु शून्य गाउँपालिका बनाउने अभियानपालिको रूपमा संस्थागत विकास गर्ने नीति लिईनेछ।
२. गाउँपालिका अन्तर्गतका सम्पूर्ण सङ्घ संस्था र कार्यालयमार्फत सञ्चालन हुने समग्र कार्यक्रम तथा योजनाहरूको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न

गराउन नियमित अनुगमन तथा सुपरीवेक्षण प्रक्रियालाई निरन्तरता दिन सिर्जनात्मक र सुधारात्मक अनुगमन प्रणाली अवलम्बन गर्ने नीति लिइनेछ।

३. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन गाउँपालिकास्तरीय वार्षिक कार्य तालिका तयार गरी सोही बमोजिम कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ।

४. मानव संशाधन विकासका लागि गाउँपालिकाबाट प्रवाह गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारीको क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।

५. गाउँपालिकाबाट प्रवाह भएका सेवाहरूको बारेमा नागरिक सन्तुष्टि सर्भेक्षण गर्न जनतासँग जनप्रतिनिधि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. सार्वजनिक सेवा प्रवाहमा कर्मचारीहरूलाई उच्च मनोबलकासाथ तल्लिन गराउन उनीहरूमा भएको ज्ञान, सीप र क्षमताको उचित मुल्याङ्कन गरी निश्चित मापदण्डका आधारमा प्रोत्साहन तथा पुरस्कृत गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ

७. स्थानीय प्रशासनलाई सुशासनका मुल्य, मान्यता तथा सिद्धान्तहरूमा आधारित भई स्वच्छ निष्पक्ष पेशागत अनुशासन प्रति प्रतिबद्ध, पारदर्शी, भष्टचारमुक्त, जनउत्तरदायी, सहभागितामुलक र प्रविधिमैत्री बनाउँदै लगिने छ।

## कानुन, न्याय र मानव अधिकार प्रवर्द्धन

१. सम्बन्धित सरोकारवालाहरूको प्रत्यक्ष संलग्नतामा ऐन, कानुनहरू तयार गर्नुका साथै जारी भइसकेका ऐन, कानुन, कार्यविधिहरूको समयसापेक्ष परिमार्जन तथा संशोधन गर्दै कार्यान्वयनमा ल्याइनेछ।

२. स्थानीय सरकारको न्यायिक सेवा प्रवाहको प्रत्याभूति गराउन प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रहरूको व्यवस्थापन मार्फत विशेष कार्यक्रमहरू तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

३. कानुन एवम् न्यायमा सवैको पहुँच सुनिश्चित गर्न बस्ती स्तरमा सञ्चालित कानुनी शिक्षा, सचेतना एवं अन्तरक्रिया, कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. न्यायिक समितिको काम कारबाहीलाई प्रविधि मैत्री बनाउने तर्फ आवश्यक कार्यक्रम तय गरिने छन्।

५. न्यायिक सुधारका लागि अध्ययन अनुसन्धान र प्रशिक्षण कार्यक्रमहरू आयोजना गरिने छ।

६. न्यायमा सहज पहुँच र एक रुपताका लागि अन्तरगाउँपालिका स्तरीय न्यायिक समितिका पदाधिकारी र जिल्लाका न्यायिक, अर्ध न्यायिक निकायबीच समन्वयात्मक वैठक एवं अन्तरक्रिया गरिनेछ।

७. न्याय निरुपण र मेलमिलाप कार्यमा संलग्न हुने कर्मचारी तथा पदाधिकारीहरूका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

## सूचना प्रविधि तथा सञ्चार क्षेत्र

१. गाउँपालिकाबाट सार्वजनिक गरिनुपर्ने आवश्यक सूचना तथा जनकारी नियमितरुपमा कार्यालयको वेभ साइट तथा आधिकारिक सामजिक संजाल पेज मार्फत दिनईने व्यवस्था गरिने छ।

२. कार्यालयबाट प्रदान हुने सेवाहरूलाई ONLINE मार्फत दिइने व्यवस्था गरिने छ

३. कार्यालयलाई सूचना प्रविधि मैत्री बनाउन आवश्यक पर्ने सफ्टवेयर र हार्डवेयरका सामाग्रीहरूको व्यवस्थापन गरिने छ।

४. प्रेस अभिव्यक्ति स्वतन्त्रताको सम्वर्धन र स्थानीय सञ्चारकर्मीको पेशागत क्षमता विकास, सूचनाको हकको कार्यान्वयन, आन्तरिक सुशासन, पार्दशिता र जवाफदेहीताको प्रवर्धन गर्न आम सञ्चार मैत्री नीति निर्माण गरी लोक कल्याणकारी विज्ञापन प्रकाशन प्रशारण र सम्प्रेषण गरिने कार्यक्रम समावेस गरिने छ

**गाउँसभाका सदस्यज्यूहरू,**

अन्त्यमा आर्थिक वर्ष २०८२/०८३ मा हाम्रो प्राथमिकताको क्षेत्र गुणस्तरिय स्वास्थ्य र शिक्षा, जेष्ठ नागरिकको सम्मान, पूर्वाधार विकास, सामाजिक समावेशिकरण, विपद व्यवस्थापन, दक्ष जनशक्ति निर्माण, सार्वजनिक सेवा प्रवाहमा सबैको सहज पँहुच, खेलकुदको विकासका साथै वन तथा वातावरणको संरक्षण रहेको व्यहोरा अनुरोध गर्न चाहान्छु। प्रस्तुत नीति तथा कार्यक्रममा प्रस्ताव गरिएका विषयहरू कार्यान्वयन गर्न समाजसेवी, बुद्धिजीवी, सुरक्षाकर्मी, गैर सरकारी सङ्घ संस्था, सम्पूर्ण सरोकारवाला निकाय र लिखु तामाकोशी गाउँपालिकाबासी आदरणीय बुबा आमा दाजुभाइ, दिदी बहिनीहरू लगायत सबैले सहयोग गर्नु हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा प्रत्यक्ष सहयोग पुर्याउनु हुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजकज्यूहरू, वडा अध्यक्षज्यूहरू, कार्यपालिकाका सबै सदस्यज्यूहरू एवम् गाउँसभाका सदस्यज्यूहरू, राजनीतिक दल लगायत समग्र राष्ट्र सेवक कर्मचारीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद !**

**केशव महत**
**अध्यक्ष**
**लिखु तामाकोशी गाउँपालिका**